नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

प. सं.- ०८१/०८२ च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवल रुपन्देहीमार्फत ELFBAR RAYA D3 Disposable Pod Device (भेप) को अवैध कारोवार गरी राजस्व चुहावट गरेको कसुर सम्बन्धमा अनुसन्धान सम्पन्न गरी प्रतिवादी सुमन पराजुली समेत ४ जना विरुद्ध उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा अभियोग पत्र दायर गरीएको छ ।

प्रस्तुत मुद्दामा प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी ऐ. ऐनको दफा ४ को खण्ड (ख), (छ), (झ) बमोजिमको कसुर गरेकाले निज प्रतिवादीहरु सुमन पराजुली र हसिमुन जोलाहलाई रु. ६२,७१,६७६।- (अक्षरूपी बैसठ्ठी लाख एकहत्तर हजार छ सय छयहत्तर रुपैया मात्र) विगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम विगो जफत हुन तथा बिगो बमोजिमको जनही रु. ६२,७१,६७६।- (अक्षरूपी बैसठ्ठी लाख एकहत्तर हजार छ सय छयहत्तर रुपैया मात्र) जरिवाना हुन र ऐ. ऐनको दफा २३(१)(क) बमोजिम हदै सम्मको कैद सजाय हुन मागदाबी लिई मिति २०८१/११/१८ गते अभियोगपत्र दायर गरिएको छ ।

साथै सोही मुद्दामा प्रतिवादीहरु रोजन न्यौपाने र सनाउल्ला अन्सारीले उक्त मालवस्तुको ओसारपसारमा मुख्य कारोबारीको सहयोगी भई राजस्व चुहावटको कसूरको मतियारको भूमिका निर्वाह गरेको देखिँदा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (३) बमोजिम मुख्य प्रतिवादीलाई हुने सजायको आधा सजायको मागदाबी लिई उक्त अभियोगपत्र दायर गरिएको छ ।

२०८१/११/१८

(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता